बैठक संख्या : १३ स्थान : राप्ती न.पा. ७ नं. वडा कार्यालय (सभाहल)

मिती : २०७४।८।३ गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा न ं११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : कार्यकारी अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रश्तावहरु :**

१. विगतमा भएका निर्णय कार्यान्वयनको अवस्था ।

२. आ.व. ०७३/०७४ को प्रगति विवरण समेटिएको पुस्तिका प्रकाशन गर्ने ।

३. आ.व. ०७४/०७५ को बार्षिक योजना र प्रकाशन ।

४. निजि जग्गाको माटो निकाशी दस्तुर लिने सम्बन्धमा ।

५. नगरपालिकाको भवन ड्रइङ डिजाइन इष्टिमेट र बोलपत्रको कागजात तयार गर्ने ।

६. सबै वडामा एकरुपता कायम गरी सिफारिस दस्तुर लिने व्यवस्था गर्ने ।

७. अख्तियार दिने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ को सम्बन्धमा यस कार्यपालिकाबाट विभिन्न मितिमा भएका निर्णय र राप्ती नगरपालिकाबाट हाल भइ रहेका काम कारबाहीका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरुबाट जानकारी लिइयो । सम्पादन गर्न पर्ने कार्यहरु छिटो छरितो रुपमा प्रदान गर्न सुझाव दिने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ को सम्बन्धमा राप्ती नगरपालिकाबाट आ.व. ०७३।०७४ को प्रगति विवरण समेटिएको पुस्तिका तयार गरी प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ को सम्बन्धमा गणतान्त्रिक नेपालको पहिलो जन निर्वाचित स्थानीय सरकार राप्ती नगरपालिकाको प्रथम नगरसभाबाट पारित निर्णयहरु समेटी आ.व. ०७४।७५ को बार्षिक योजना पुस्तिका प्रकाशन गर्ने र यसका लागि नगर कार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा कुनै व्यक्तिको निजीक भोगको जग्गाको माटो बिक्री गर्न चाहेमा सो आफ्नो लालपूर्जा, नागरिकता, सो जग्गाको चारै तर्फका सधियारहरुको सहमती भएको लिखित सहित संलग्न गरी वडा कार्यालयमा निवेदन प्राप्त भएमा स्थलगत निरिक्षण र जाचबुझ गरि कति परिमाण कति दिन भित्र उठाई लैजाने हो सोको एकिन गरी निश्चित समय भित्र उठाई लैजाने शर्तमा परिमाण तोकी प्रति घ.मी.रु१००। कर लिई वडा कार्यालयबाट सहमती दिने निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. नगरपालिकाको नयाँ भवन निर्माण गर्न २ वर्ष भन्दा बढी समय लाग्न सक्ने भएकोले हालको कार्यालयको कम्पाउण्ड सहित गर्दा पार्किङको लागि सेड निर्माण गर्ने ।

२. हाल आ.व. को ४ महिना वितिसकेको र नगरपालिकाको भवन निर्माण कार्य गर्नुपर्ने हुँदा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाटबाट प्राप्त भवनको नमूना मध्य Model-2 को नक्सा बमोजिम हाल Under Ground Parking र ४ तला सम्मको ड्रइङ डिजाइन इष्टिमेट बोलपत्र कागजात बनाउने कार्य आवश्यकता अनुसार खण्डखण्ड गरी कार्य जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ मा छलफाल गर्दा प्रथम नगर सभाबाट स्वीकृत सेवा शुल्कहरु यस नगरपालिका र वडा कार्यालयहरुबाट एक रुपता कायम गरी लिने र देहायका सिफारिस दस्तुर नलिने निर्णय गरियो ।

१. बाढी पहिरो आगलागी भुकम्प जस्ता विपत सम्बन्धि कार्यमा गरिने सिफारिस ।

२. सामाजिक सुरक्षा सम्बन्धि कार्यमा गरिने सिफारिस ।

३.फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिको लागि सो सम्बन्धि विषयमा गरिने सिफारिस ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ को सम्बन्धमा हेटौडा उपमहानगरपालकिा वडा नं. ८ बस्ने श्री सीताराम बर्तौलाले राप्ती नगरपालिकाका कार्यालय र वडा नं. २ कार्यालयलाई विपक्षी बनाई सम्मानित उच्च अदालत पाटन हेटौडा इजलास हेटौडा निषेधाज्ञा (मु.नं.०७४-WO-००३४) मुद्दा दिनु भएकोमा यस न.पा. कार्यालय र वडा नं. २ कार्यालयको तर्फबाट प्रस्तुत मुद्दाको लिखित जवाफ पेश गर्न तारेखमा रहि मुद्दाको पुर्पक्ष गर्न राप्ती नगरपालिका कार्यालय र वडा नं. २ को कार्यालयको तर्फबाट गर्नुपर्ने कार्यको लागि यस कार्यालयका संयुक्त वडा सचिव श्री चेतनाथ थपलियालाई अख्तियार दिई पठाउने निर्णय गरियो ।